पोखरा उपत्यका साइडसिन घुम्न जाऔँ
घुमाउने ठाउँहरू
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन ७ गते बुधबार ❑ 19 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## 'गण्डकीको समृद्धिका आधार पहिल्याउन राससले सहयोग गर्नुपर्छ'

पोखरापत्र संवाददाता
पोखरा, ६ फागुन



राष्ट्रिय समाचार समिति (रासस)ले सुशासन र गण्डकीको समृद्धिका आधार पहिल्याउन सहयोग गर्नुपर्नेमा वक्ताहरूले जोड दिएका छन् ।

राससको ६४औँ वार्षिकोत्सवका अवसरमा आज गण्डकी प्रदेश कार्यालयले मंगलबार पोखरामा आयोजना गरेको 'सुशासन र समृद्धिका लागि रासस' विषयक अन्तरक्रियामा वक्ताहरूले समृद्धिका लागि सुशासन अनिवार्य रहेकाले समाचारका माध्यमबाट राससले खबरदारी गर्नुपर्नेमा जोड दिएका हुन् । कार्यक्रममा प्रदेश सरकारका सामाजिक विकास युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले स्वतन्त्र, विश्वसनीय र उत्तरदायी सञ्चार माध्यम सुशासनको महत्वपूर्ण आधारशीला रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "राससले देशभरका जनतालाई सत्य, सन्तुलित र निष्पक्ष समाचार प्रवाह गर्दै समृद्ध राष्ट्र निर्माणको यात्रामा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । गण्डकी प्रदेशका समस्या, चुनौती र समृद्धिका आधार पहिल्याउन, समाजमा देखिएका विभिन्न विकृति, विसङ्गति समस्या र समाधानका उपायबारे पनि उजागर गर्न आवश्यक छ ।" सरकारी मातहतको सञ्चार संस्था भए पनि राससले सरकारका कामको प्रशंसा गर्ने मात्र नभइ आलोचनासमेत गर्न सक्नुपर्नेमा मन्त्री थापाको जोड थियो । उहाँले अहिले अर्थतन्त्रमा समस्या रहेको र व्यवसायीहरूले बैंकबाट ऋण लिएर लगानी गर्न डराइरहेको अवस्थामा व्यावसायिक मनोवल वृद्धि र व्यावसायिक वातावरण निर्माणमा सञ्चार माध्यमको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । गण्डकी प्रदेशका प्रेस रजिष्ट्रार विमला भण्डारीले प्रदेश सरकारका गतिविधिलाई आमजनताबीच पुऱ्याउन राससको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । राससको समाचार सेवालाई सबैको पहुँचमा पुऱ्याउनुपर्ने आवश्यकतामा जोड दिँदै उहाँले पछिल्लो समय राससले सुरु गरेको २४ घण्टा सेवा, मातृभाषामा समाचारलगायत कार्यको प्रशंसा गर्नुभयो । राससका पूर्वकार्यकारी अध्यक्ष कोमलनाथ बरालले राष्ट्रिय अन्तर्राष्ट्रिय महत्वका विषयमा सरकारको धारणा के हो भनेर बुझ्नका लागि रासस समाचार खोजी हुने गरेको बताउनुभयो । पत्रकारको कलम र माइक्रोफोनले देशमा समृद्धि कायम गर्न सघाउने भएकाले खोजमूलक समाचारलाई प्राथमिकता दिन उहाँले आग्रह गर्नुभयो । "राससले खोजमूलक समाचार दिन सक्नुपर्दछ । खोजमूलुक पत्रकारिताले जनताका भोगाइ सरकारसम्म ल्याउन सहयोग पुग्दछ र यसले विकास र समृद्धि हासिल गर्न सहयोग पुग्दछ", पूर्वअध्यक्ष बरालले भन्नुभयो । राससको तत्कालीन पश्चिमाञ्चल क्षेत्रीय कार्यालयका प्रमुख एवं पत्रकार महाङ्घ कास्की शाखाका पूर्वअध्यक्ष नारायण कार्कीले राससको महत्व बढाउन यसलाई स्वायत्त संस्थाका रूपमा विकास गरिनुपर्ने धारणा राख्नुभयो ।

रासस गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेलले राससले २४ घण्टा आधिकारिक, विश्वसनीय, सन्तुलित र तथ्यपूर्ण समाचार सम्प्रेषण गर्दै आएको बताउनुभयो । देशका ७७ वटै जिल्ला एवं आवश्यकताअनुसार पालिकामा समेत राससका प्रतिनिधिले हरेक दिन समाचार सम्प्रेषण गर्दै आएको जानकारी दिँदै उहाँले गण्डकी प्रदेशको पर्यटन, शिक्षा, स्वास्थ्य, खेलकुद र उद्योग व्यवसायलाई केन्द्रमा राखेर समाचार प्रकाशन भइरहेको बताउनुभयो । कार्यक्रममा पत्रकार महासङ्घ कास्कीका उपाध्यक्ष माधव रेग्मी, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, गुरुङ पर्यटन व्यवसायी सङ्घका संस्थापक अध्यक्ष बोबरजङ्ग गुरुङ, पत्रकार विजय नेपाल, दीननाथ बराल, आरजु विष्ट सल्यानी, विमल तिवारी, भानु पाण्डेलगायतले रासस समाचारमा गण्डकी प्रदेशका समाचारले प्राथमिकता पाएको र अब नागरिक चासोका समाचार दिन सकेमा समृद्धिमा योगदान पुग्ने बताउनुभएको थियो । रासस गण्डकी प्रदेश कार्यालयका वरिष्ठ सहायक समाचारदाता रामबहादुर थापाले सञ्चालन गर्नुभएको कार्यक्रममा जिल्ला समाचारदाता जमुना शर्माले स्वागत गर्नुभएको थियो ।

## जलवायु परिवर्तनले प्राकृतिक सम्पती जोखिममा–मन्त्री पाण्डे

पोखरापत्र संवाददाता
स्याङ्जा, ६ फागुन



संस्कृति, पर्यटन तथा नागरिक उड्यनमन्त्री बद्रीप्रसाद पाण्डेले जलवायु परिवर्तनले हाम्रा प्राकृतिक सम्पती जोखिममा रहेको बताएका छन् ।

स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-१ जलबराह धार्मिक वनमा निर्माण भएको नेपालकै पहिलो नवग्रह मन्दिरको अनुष्ठान, गिता ज्ञान महायज्ञ तथा धार्मिक महोत्सवको उद्घाटन गर्दै संस्कृति मन्त्री पाण्डेले प्राकृतिक सन्तुलन नमिल्दा हाम्रा सम्पति जोखिममा परेको बताएका हुन् । अहिले ब्रहमाण्डले सन्तुलन खोजिरहेको छ उनले भने,'पृथ्वीले सन्तुलन खोजीरहेको छ, हिमालले सन्तुलन खोजी रहेको छ, वायु, ताप लगायतले सन्तुलन खोजीरहेका छन् ।' वायु प्रदुषणको प्रभाव विश्वभरी फैलिएको छ यसको प्रभाव नेपालमा पनि परेको छ यसलाई सन्तुलनमा ल्याउनुपर्छ उनले भने । मानब सभ्यता र जलवायु सन्तुलन बचाउन यो नवग्रह मन्दिरले महत्वपुर्ण भुमिका खेल्ने मन्त्री पाण्डेले बताए ।

पृथ्वीमा प्राकृतिक सन्तुलन नमिल्दा ब्रहमाण्डको सन्तुलन, धार्मिक सन्तुलन गुम्दै गरेको बताउदै मन्त्री पाण्डेले बायुमण्डलीय प्रदुषण बढ्दा हिमालहरु काला हुन थालेकोले प्राकृति बचाउन नसके पुरै विश्वमा खतरा बढ्ने बताए । सानो भुगोल भएको हाम्रो देशमा धेरै विविधता रहेको उल्लेख गर्दै मन्त्री पाण्डेले बायुमण्डलले सन्तुलन गुमाउदा हाम्रा सम्पदाहरु पनि खतरामा परेको बताए । विश्वका मान्छेलाई नेपालको विविधता हेर्न ल्याउनुपर्ने छ मन्त्री पाण्डेले भने, 'धर्म, जात र भाषालाई विश्वास र सम्मान गर्ने देशको रुपमा नेपाललाई परिचित गराउनुपर्छ ।' हाम्रा संस्कार र संस्कृतिलाई बचाई राख्न यस्ता नयाँ आयमहरुको खोजी गर्नुपर्छ उनले भने । स्याङ्जामा निर्माण भएको नवग्रहले आलमदेवी देखी मुक्तीनाथ जस्ता धार्मिक स्थललाई जोडनुपर्ने बताउदै मन्त्री पाण्डेले अब हजारौं धार्मिक दर्शनार्थी भित्राउनुपर्ने बताए । जल, जमिन, जडिबुटी, बन लगायतका प्राकृतिक हिसाबले नेपाल धनी रहेकाले यसलाई जोगाइराख्ने चुनौती हामीसगँ रहेको बताए । मुलुकको आर्थिक चलायमान बनाउन पनि यस्ता धार्मिक स्थलहरुले महत्वपुर्ण भुमिका खेल्ने मन्त्री पाण्डेले बताए । १४४ बर्षमा आएको महाकुम्भको समयमा महाशिवरात्रीको अवसर पारेर अर्जुनचौपारी गाउँपालिकाले नवग्रह मन्दिरको प्राण प्रतिष्ठा तथा अनुष्ठान र धार्मिक महोत्सब आयोजना गरेको हो ।

कार्यक्रममा संघिय सांसद राजु थापाले स्याङ्जाको विकासका लागि सिद्धार्थ राजमार्गको स्तरोन्नती आवश्यक रहेको बताए । राजमार्गको स्तरोन्नती सगै यस्ता धार्मिक स्थलहरुमा पर्यटकहरु आउन सहज हुने सांसद थापाको भनाई थियो । गण्डकी प्रदेश सांसद कल्पना तिवारी, गाउँपालिका अध्यक्ष प्रकाश तिवारी, उपाध्यक्ष सपना गुरुङ लगायतका बक्ताहरुले धार्मिक महत्व बोकेका मन्दिरहरुको स्थापनाले जिल्लाको पर्यटन विकास र आर्थिक विकासमा टेवा पुग्ने बताएका थिए । अर्जुनचौपारीमा आजदेखी शुरु भएको धार्मिक महोत्सव फागुन १४ गतेसम्म संचालन हुने छ । ९ दिनसम्म चल्ने धार्मिक महोत्सवमा नेपाल र भारतका धार्मिक गुरुहरुले प्रवचन दिने कार्यक्रम रहेको आयोजकले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## "संविधान संशोधनः आवश्यकता र चुनौती" विषयक अन्तरक्रिया पोखरामा हुने

पोखरापत्र संवाददाता
पोखरा, ६ फागुन

नेपाली कांग्रेस गण्डकी प्रदेश सदस्य एवम् पेशागत तथा बुद्धिजीवी विभाग प्रमुख कविता तिवारीको अध्यक्षतामा पेशागत तथा बुद्धिजीवी विभागको वैठक सम्पन्न भएको छ ।

नेपाली कांग्रेस गण्डकी प्रदेश कार्यकक्षमा सोमबार भएको वैठकले "संविधान संशोधनः आवश्यकता र चुनौती" विषयक अन्तरक्रिया कार्यक्रम पोखरा-८, न्युरोडमा रहेको होटल दिपसागरमा यही फागुन १० गते गर्ने निर्णय गरेको छ । नेपाली कांग्रेस पेशागत तथा बुद्धिजीवी विभाग र नेपाल डेमोक्रेटिक लयर्स एसोसिएसनको संयुक्त रुपमा आयोजनामा हुने उक्त कार्यक्रम नेपाली कांग्रेसका नेता तथा प्रतिनिधि सभा सदस्य डा.सशांक कोइलाराको उपस्थितिमा गरिने नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् पेशागत तथा बुद्धिजिवी विभाग प्रमुख डा. डिला संग्रौला पन्तले जानकारी गराइन् । संविधान संशोधन आजको आवश्यकता भएको हुँदा बैज्ञानिक ढंगबाट उत्कृष्ट संविधान निर्माणको लागि जनआवाजले संसदलाई थप बल पुग्ने अपेक्षा भएकोले ७ वटै प्रदेशमा अन्तरक्रिया कार्यक्रम नेपाली कांग्रेसले गर्न लागेको विभाग प्रमुख डा.संग्रौलाले बताइन् । हालसम्म ३ वटा प्रदेशबाट बुँदागत रुपमा सुझाव संकलन गरिसकेको बताउँदै अन्तरक्रिया कार्यक्रममा सुझावहरु बुँदागतरुपमा संकलन गर्ने, संविधानमा त्रुटि देखिएका बुँदाहरुलाई पुन संशोधन गर्ने गरी कार्यक्रम तय गरिएको उनले उल्लेख गरेकी थिइन् । विभाग प्रमुख डा.संग्रौलाका अनुसार संकलित बुँदाहरु केन्द्रीय सभापतिको रोहवरमा केन्द्रीय समितिमा छलफल हुने उनको भनाई रहेको थियो ।

त्यसैगरी नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले संविधान संशोधन आजको आवश्यकता भएको र संशोधनमा थुप्रै चुनौति भएका हुँदा वैज्ञानिक ढंगबाट त्रुटी रहित बनाउन गरिएको नेपाली कांग्रेसको नविनतम प्रयासले विशेष महत्व दिने उल्लेख गरेका थिए । पोखरामा हुने अन्तरक्रिया कार्यक्रममा करिब २ सय भन्दा बढी नेता, कार्यकर्ता, अधिवक्ता, नागरिक समाज, संविधान विद, विषयगत विज्ञ र नेपाली कांग्रेसको भातृ तथा शुभेच्छुक संस्थाका जिम्मेवार नेताहरुबाट संविधान संशोधनः आवश्यकता र चुनौती विषयमा आएका सुझावहरु संकलन गरिने नेपाली कांग्रेस गण्डकी प्रदेशका प्रवक्ता माधव प्रसाद बास्तोला (मधु)ले जानकारी गराए । नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ गण्डकी प्रदेशका अध्यक्ष जितबहादुर गुरुङ, प्रजातान्त्रिक चिकित्सक संघ गण्डकी प्रदेश उपाध्यक्ष प्रा.डा. इश्वर शर्मा कँडेल, बन प्राविधिक संघका उपाध्यक्ष निर्मला फुलारा, प्रा.डा. बेदनाथ शर्मा, प्रा.डा. रामचन्द्र पोखरेल, पवित्रा घिमिरे, सन्तोष पौडेल लगायतले आफ्नो धारणा राखेका थिए । नेपाली कांग्रेस गण्डकी प्रदेश सदस्य तथा विभाग प्रमुख कविता तिवारी गैह्रेको अध्यक्षतामा भएको उक्त वैठक उपप्रमुख नारायण प्रसाद पराजुलीले सञ्चालन गरेका थिए ।

प्रजातन्त्रका मुलभूत मान्यता
◆ जनताको बहुदलीय लोकतान्त्रिक शासन प्रणाली,
◆ मौलिक हक र मानव अधिकार,
◆ आवधिक निर्वाचन,
◆ वालिग मताधिकार,
◆ नागरिक स्वतन्त्रता,
◆ स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका,
◆ कानूनी राज्यको अवधारणा,
◆ पूर्ण प्रेस स्वतन्त्रता,
◆ शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन ।
नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पुम्दीकोटमा बाँकी भौतिक पूर्वाधार निर्माण गर्न महायज्ञ

**पोखरापत्र संवाददाता**
पोखरा, ६ फागुन

पुम्दीकोटको बृहत विकास परियोजना अन्र्तगत केही बाँकी भौतिक संरचनाहरु पूरा गर्ने उद्धेश्यले पुनः तेश्रो पटक बुधबारदेखि महायज्ञ हुने भएको छ ।

पुम्दीकोट आउने पर्यटकहरुको एक दिनको बसाई अवधि लम्बाउने उद्धेश्यले पुम्दिकोट कोट विकास समितिको आयोजनामा बुधबार देखि श्रीमद्भागवत ज्ञान महायज्ञ एवं महाशिवरात्री महिमा हुने भएको समितिका अध्यक्ष एवं मुल समारोहका संयोजक चन्द्रकान्त बरालले बताउनु भयो । बुधबार महायज्ञ उद्घाटनको क्रममा पोखरा २२ वडा कार्यालय अर्थात शुक्रराज माविको गेट अगाडीबाट बृहत झाँकी सहितको कलश यात्रा हुने भएको उहाँले जनाउनु भएको छ । र्‍यालीमा पन्चे बाँजा सहित विभिन्न जनजातिको झाकीमा र्‍याली प्रर्दशन सहित कलक यात्रा हुने भएको अध्यक्ष बरालले जनाउनु भयो । बिहान ११ः३० बजे उद्घाट सत्र सकिए लगत्रै कथा प्रवचन सुरु हुने भएको उहाँले जनाउनु भयो ।

पोखरा २२ (पुम्दी–भुम्दी) को पुम्दीकोटमा साँझमा लेजरलाइट मार्फत शिवको मुर्तिलाई पर्दा बनाई शिव ताण्डव नृत्य तथा महादेवको जीवन लीला सहितको बृत्तचित्र प्रर्दशन गर्ने उद्धेश्यले पुम्दीकोटमा पुनः महायज्ञ हुने भएको अध्यक्ष बरालले बताउनु भयो । भुमेश्वर महादेव देखि सुमेरु पर्वतसम्म पहुचका लागि सिसाको पुल ग्लास बृज निर्माण गर्ने लक्ष्य समेत राखिएको आयोजक प्रशासनिक भवन भन्दा तल्लो भागमा हरियाली उद्यान बनाउने, पुम्दिकोटका मुख्य तीन द्वारहरु छोरेपाटन, तिलार र फलेटेमा शिव धामको गेट निर्माण गर्ने, मुल मुर्तिको मर्मत सम्भार गर्ने, दान दाताहरुको नाम शिलालेख र स्तम्भ बनाउने लगायतका उद्धेश्य रहेको उहाँले बताउनु भयो । बाँकी भौतिक पूर्वाधार निर्माण गर्न करिब १० करोड आवश्यक भएको समितिले जनएको छ ।



४१ करोडको बिशाल महादेव मुर्ति परियोजना अन्र्तगत अझै १० देखि १२ करोडको परियोजनाका काम बाँकी रहेको अध्यक्ष बरालले दाबी गर्नु भयो । सिसालको पुल राख्ने बिषयमा भने नीजि कुनै कम्पनी तथा संस्थाको खोजि भएको समितिले जनाएको छ । समृद्धि र विकास, बेरोजगार र विदेश पलायन हुनेहरुका लागि निकास भन्ने मुल नाराका साथ कैलाशधाम निर्माण परिकल्पना गर्दै ज्ञान महायज्ञको आयोजना गरिएको बताउदै अध्यक्ष बरालले ज्ञान महायज्ञ यही फागुन १५ गतेसम्म संचालन हुने उल्लेख गर्नु भयो । पुम्दीकोट धामको धार्मिक, एतिहासिक र पुरातात्त्विक महत्वका बारेमा प्रष्ट्याउदै राष्ट्रिय तथा अन्तर र्ाष्ट्रिय पर्यटक भित्राउने पुम्दीकोटमा दिगो पर्यटनको लागि उक्त परियाजना आवश्यक भएको दाबी गर्नुभयो । यस अघि पुम्दीकोटमा २०७३ र २०७९ मा दुई पटक महायज्ञ आयोजना गरिएको थियो भने हाल तेस्रो पटक आयोजना गर्न लागिएको हो । पहिलो महायज्ञबाट करिब ६ करोड रुपैया र दोस्रो महायज्ञबाट करिब ३ करोड रुपैया संकलन गरेको समितिले जनाएको छ । पुम्दीकोट संसारका धार्मिक पर्यटकहरुको थप आकर्षणको केन्द्र बन्दै गएको बताउदै उनले महामानव दाताहरुको सहयोगबाट हालसम्म ५१ फिट अग्लो महादेवको मुर्ती, ३१ फिट अग्लो शिवको विशाल डम्मरु, महादेवको विशाल क्षेत्रकुण्ड निर्माण, १ सय ८ धारा जडान सहित अन्तराष्ट्रय ध्यान केन्द्र निर्माण, २१६ शिवलिङ्ग स्थापना, १ सय ८ स्वर्गद्वारी सिढी निर्माण गरिएको छ । त्यसै गरी सुविधा सम्पन्न शौचालय सहित प्रशासकिय भवन, फुलमाला विक्री कक्षका लागि १८ ओटा सटर निर्माण, पुम्दिकोटमा ३ वटा छुट्टाछुट्टै प्राकृतिक प्रवेशद्वार निर्माण, फुलबारी सहित पर्खाल निर्माण, मनोरेल द्वारा गणेश भगवानले कैलाश पर्वत परिक्रमा र पन्चधातुबाट निर्मित शिवलिङ्ग निर्माण लगायतका उपलब्धिहरु हासिल भइसकेका र अझैपनी कैलाश धामको बाँकी निर्माण कार्य सम्पन्न गर्न महायज्ञ आयोजना गरिएको अध्यक्ष बरालले बताउनु भयो । महायज्ञको दैनिक रुपमा बिहान ७ देखि १० बजेसम्म नित्यपुजा, पाठपारायण र जप, बिहान साढे १० देखि दिउँसो ३ बजेसम्म भागवतमन्जरी, हरेक दिन बेलुका ५ बजे महाआरती, साझ साढे ६ बजेदेखी ९ बजेसम्म महात्म्य तथा सास्कृतिक झाँकी, फागुन १४ गते साँझ लाखबत्ती प्रज्वलन गरिनेछ भने १५ गते अपराह्न साढे ४ बजे हवन, पुर्णाहुति, अभिषेक, तिलक प्रसाद ग्रहण लगायतका कार्यक्रम हुने भएको छ ।

# कास्कीको टिम छनोटको लागि बन्द प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ६ फागुन

आगामी फागुन दोस्रोसातादेखि प्रदेशस्तरीय प्रधानमन्त्री कप एकदिवसीय पुरुष प्रादेशिक क्रिकेट प्रतियोगिताको तयारीको लागि कास्की जिल्ला क्रिकेट संघले २४ जना खेलाडीलाई बन्द प्रशिक्षणको लागि बोलाएको छ । पोखरा रंगशाला क्रिकेट मैदानमा बुधबार देखि बन्द प्रशिक्षण हुने छ ।

बन्द प्रशिक्षणबाट कास्की जिल्लाको टोली छनोट गरिने समेत कास्की जिल्ला क्रिकेट संघले जनाएको छ । कास्की जिल्ला क्रिकेट संघले दुई दिन अघि मात्रै क्लबस्तरीय टी–२० क्रिकेट लिग आयोजना गर्‍यो । लिगमा सांग्रिला क्रिकेट क्लब च्याम्पियन बन्यो । यद्यपी संघले ८ वटा क्लबबाट छनोटमा परेका २४ जनालाई बन्द प्रशिक्षण शुरु गर्ने जनाएको छ । बन्द प्रशिक्षणमा जिल्लाका प्रशिक्षक दिपेश खत्रीले प्रशिक्षण दिने छन् । बन्द प्रशिक्षणबाट १४ जना खेलाडीहरु छनोट गरी कास्कीको टोली बनाईने छ । बन्द प्रशिक्षणका लागि विपिन खत्री, अनिल गुरुङ, अर्जुन कुमाल, सुवास भण्डारी, कृष्ण पौडेल, विश्वास पराजुली, आशिष न्यौपाने, विमलविक्रम खत्री, प्रमोद बास्तोला, सफल श्रेष्ठ, प्रदीप पौडेल, सुदीप पौडेल, रोहित चन्द, मुस्कान थापा, अन्जन केसी, समीर भुजेल, देव साह, सुवास बास्तोला, सुशिल सुवेदी, अभिषेक थापा, नितेश गिरी, प्रवीण पौडेल, विष्णुप्रसाद शर्मा र अरुण अधिकारी रहेका छन् ।

# पोखरा–२५ वडा कार्यालय हेमजाले बाल नृत्य प्रतियोगिता गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ६ फागुन

पोखरा महानगरपालिका २५ नं. वडा कार्यालयले बाल बालिका लक्षित कार्यक्रम अन्तर्गत बाल नृत्य प्रतियोगिता आयोजना गर्ने भएको छ ।

विद्यालयका विद्यार्थीको प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यका साथ आयोजना गर्न लागिएको उक्त लोक नृत्य प्रतियोगिता कार्यक्रममा फागुन ९ गते गौरी शंकर मावि हेमजाको प्रांगणमा हुने पोखरा महानगर पालिका वडा नं. २५ का वडा अध्यक्ष तथा महानगर प्रवक्ता मोति लाल तिम्सिनाले जानकारी दिए । प्रतियोगितामा हेमजा रहेका सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीले सहभागिता जनाउने व्यवस्था रहेको छ । प्रतियोगितामा मावि तर्फ ३ जनामा १ जना छात्रा अनिवार्य र आधारभूत विद्यालय तर्फ एक जना छात्र/छात्रा सहभागि जनाउन पाउने अध्यक्ष तिम्सिनाले जानकारी दिए ।

प्रतियोगितामा प्रथम हुनलाई १० हजार, द्धितीय हुने ७ हजार तथा तृतीय हुने ५ हजार र ट्रफी प्रदान गरिने उनले जानकारी दिए । 'हरेक वालवालिका सँग कुनै न कुनै प्रतिभा लुकेर वसेको हुन्छ, तिनै प्रतिभा उजागर गर्न वडा कार्यलयले यो कार्यक्रमको आयोजना गरेको हो' अध्यक्ष तिम्सिनाले भने, 'विद्यार्थीहरुको हौसला प्रदान गर्न र ती प्रतिभा उजागर गर्न कार्यक्रमलाई भव्य बनाउनका लागि हेमजावासीहरुको सहभागिताका लागि अनुरोध गर्दछु ।' उनका अनुसार वडा कार्यलयको निति तथा कार्यक्रम अन्तर्गत नै वाल नृत्य प्रतियोगिता आयोजना गरिएको हो । हेमजा सामुदायिक संस्थागत तथा वौद्ध गुम्बाले सञ्चालन गरेका विद्यालय सहित गरी १४ विद्यालय रहेको वडा सचिव चोलाकान्त पौडेलले जानकारी दिए ।

# घान्द्रुक किम्चेलाई पराजित गर्दै ठकुरी समाजले जित्यो सिधिङ भलिबलको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, ६ फागुन

किम्चेलाई ३–१ ले पराजित गर्दै ठकुरी समाजले प्रथम सिधिङ कप भलिबल प्रतियोगिता–२०८१ को उपाधि हात पारेको छ । पहिलो र अन्तिम २ सेट जित्दै उपाधि आफ्नो कोल्टोमा पार्न सफल भएका हो ।

किम्चे माथि (२५–१७,२३–२५,२५–१८,२८–२६) ले जित्दै उपाधि सँगै नगद रु ८५ हजार साथमा ट्रफी, मेडल र प्रमाणपत्र हात पाऱ्यो । घान्द्रुकको किम्चेले उपविजेतामा चित्त बुझाउँदै नगद रु ५० हजार साथमा ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । गल्र्यङले घलेललाई पराजित गर्दै तृतीय स्थानका साथ नगद रु ३० हजार साथमा ट्रफी,मेडल र प्रमाणपत्र गऱ्यो । घलेले सान्त्वना पुरस्कार स्वरूप नगद रु २०,हजारका साथ ट्रफी, मेडल र प्रमाणपत्र गऱ्यो । विधागत पुरस्कार तर्फ सर्वोत्कृष्ट खेलाडी विवेक ठकुरी, वेस्ट स्पाई कर समीर वि.क , वेस्ट सेटर अशोक ठकुरीले र वेस्ट मिडिल व्लकर विश्वास ठकुरीले प्राप्त गर्न सफल भए । भेट्रान्स खेल तर्फको फाईनलमा उत्तम समूहले तक्रोलाई पराजित गर्दै प्रथम स्थान हात पाऱ्यो । तक्रोले द्धितिय स्थानमा सिमित रहयो । भेट्रान्स प्रथमले नगद रु ३० हजार र द्धितियले नगद रु २० हजार साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे ।घोडा दौड प्रतियोगितामा प्रथम हरि प्रसाद भण्डारीले नगद रु १५ हजार र द्धितिय उमनाथ पौडेले नगद रु १० हजार हात पारे । सिधिङ युनाइटेड यूथ क्लबको आयोजनामा माघ ३० गते देखि जारी साबिक वडा स्तरीय पुरुष भलिबल प्रतियोगिता सिधिङ खेलकुद मैदानमा भएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै माछापुच्छ्रे गाउँपालिका अध्यक्ष मीनब.गुरुङलेखेलकुदलेसमाजमा एकता र समन्वयको भावना सिर्जना गर्न महत्त्वपूर्ण भुमिका खेलेको बताउँदै,माछापुच्छ्रे गाउँपालिकाले खेलकुदलाई प्राथमिकता राखेको बताए । गाउँपालिका प्रवक्ता एवं वडा न.२ का अध्यक्ष गणेश आचार्यले युवा र खेलकुद अहिलेको समाजको प्रमुख पक्ष हो । खेलकुदले युवाको जीवनमा सकारात्मक भूमिका खेलेको बताए ।

सिधिङ युनाइटेड यूथ क्लवका अध्यक्ष शुक वहादुर तामाङको अध्यक्षतामा भएको कार्यक्रमको स्वागत कार्यक्रम संयोजक मोहन सिंह तामाङले र सञ्चालन क्लका सचिव प्रज्वल क्षेत्रीले गरेका थिए ।

# 'जतिसक्दो चाँडो मनाङमा एउटा एम्बुलेन्स पठाइदिनुपऱ्यो'

**पोखरापत्र संवाददाता**
पोखरा, ६ फागुन

जनस्वास्थ्य आपतकालको पूर्व तयारी, प्रतिकार्य तथा पुनर्लाभलाई अझ सुदृढ बनाउने ध्येयले आयोजित 'आपतकालीन कार्यसञ्चालन केन्द्रहरूको सञ्जालको स्वास्थ्य आपतकालीन तथा विपद जोखिम तयारी तथा प्रतिकार्य सम्बन्धी समीक्षा कार्यक्रम' पोखरामा सम्पन्न भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन कार्यसञ्चालन केन्द्रद्वारा आयोजित सो कार्यक्रममा गण्डकी प्रदेशका ११ जिल्लाका प्रमुख जिल्ला अधिकारी, रेडक्रसका प्रतिनिधि, सुरक्षा निकायको स्वास्थ्य विभाग, स्वास्थ्य केन्द्रका प्रमुखहरूको सहभागिता रहेको थियो । कार्यक्रमको शुभारम्भ गर्नुहुँदै स्वास्थ्य मन्त्रालय, स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन कार्यसञ्चालन केन्द्रका प्रमुख सहसचिव डा प्रकाश बुढाथोकीले जनस्वास्थ्य आपतकालको पूर्व तयारी, प्रतिकार्य तथा पुनर्लाभलाई अझ सुदृढ बनाउनु पर्ने आवश्यकता औंल्याउनुभयो । कार्यक्रममा मनाङमा वार्षिक रूपमा ३० हजार विदेशी र दुई लाखको सङ्ख्यामा स्वदेशी पर्यटक पुग्ने गर्छन्, तर जिल्लामा एउटा पनि एम्बुलेन्स छैन, विपद्मा परेका स्थानीय र पर्यटकको उद्धार कसरी गर्ने ? मनाङ जिल्लाका प्रमुख जिल्ला अधिकारी मात्रिका आचार्यको प्रश्न गर्नुभयो । प्रतिकार्यसम्बन्धी समीक्षा कार्यक्रममा मनाङका प्रजिअ आचार्यले यस्तो दुःख पोख्नुभएको हो । "मनाङका निजी जिप भाडामा लिएर विपद्मा परेकाको उद्धार गरी स्वास्थ्य केन्द्रमा पुऱ्याउनुपर्ने र कतिपय ठाउँमा त हेलिकप्टर नै मगाउनुपर्ने बाध्यता छ", प्रजिअ आचार्यले भन्नुभयो " स्वास्थ्य मन्त्रालयले जतिसक्दो चाँडो मनाङमा एउटा एम्बुलेन्स पठाइदिनुपऱ्यो ।" दुर्गममा मात्र होइन, सुगम जिल्लामा पनि विपद्मा समस्या आउने गरेका छन् । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक डा भरत खत्रीले गत वर्ष माघ १ गते पोखरामा यती एयरलाइन्सको जहाज दुर्घटना हुँदा ७२ जनाको मृत्यु भयो, तर पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा ती सबै शव अट्नसक्ने क्षेमताको शवगृह थिएन । अस्पतालमा ३० जनाको शवमात्र चिसोमा राख्न सक्ने क्षमता थियो, जाडोको मौसम भएका कारण ७२ वटै शव एकै ठाउँमा खादेर राख्नुपर्ने अवस्था भयो, त्यसैको पाठ सिक्दै अहिले ७२ जनाको शव राख्न सक्ने गरी शवगृह निर्माण भइरहेको जानकारी डा खत्रीले दिनुभयो । "विपद्को अवस्थामा निजी अस्पतालको सहयोग पनि त्यत्तिकै आवश्यक छ", डा खत्रीले भन्नुभयो, "विपद्मा घाइते भएका व्यक्तिलाई उपचारका लागि अन्य अस्पतालमा पठाउन सकिन्छ तर धेरै सङ्ख्यामा मृत्यु हुँदा अन्य अस्पतालमा पनि राख्न मान्दैनन् ।" कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले विपद् निजी अस्पतालले पनि बिरामीको उपचार गर्नुपर्ने बताउँदै ती अस्पताल दर्ता हुँदा १० प्रतिशत बिरामी निःशुल्क उपचार गर्ने शर्तमा नै अस्पताल सञ्चालन गर्ने गरेको बताउनुभयो । विपद्मा प्रमुख जिल्ला अधिकारी, अस्पताल, सुरक्षा निकाय र रेडक्रसलगायत यस क्षेत्रमा काम गर्नेको सहकार्यमा विपद्मा परेकालाई छिटो छरितो उद्धार गर्नुपर्नेमा उहाँको जोड छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता बुढाथोकीले विपद्मा परेका व्यक्तिलाई बढी क्षति हुन नदिई जतिसक्दो चाँडो उद्धार गरी स्वास्थ्य केन्द्रसम्म पुऱ्याउनका लागि व्यवस्थापन गोष्ठी आयोजना गरिएको जानकारी दिनुभयो ।






# जलवायु....

जनाएका छन् । १५७ रोपनी क्षेत्रफलमा फैलिएको यस धार्मिक वनमा नवभुज आकारको आकाश तर्फ फर्केको २७ फिट अग्लो नवग्रह मन्दिर निर्माण गरिएको छ । पिलरको १४ फिटमा सुर्य, शुक्र, केतु, चन्द्र, मङ्गल, बुध, शनि, बृहस्पती र राहुका प्रतीक राखिएको छ भने पिलरको नौ वटा भुजामा ग्रह अनुसारका रङ लगाइएको छ । नवग्रह मन्दिरसँगै षट्कोण शिवालय बनाइएको छ । षट्कोण शिवालयको बीचमा पशुपतिनाथको जस्तै पञ्चमुखी शिवलिङ्ग र कोणमा गणेश, कुलदेवता, लक्ष्मी, कालभैरव, हनुमानको मूर्ति राखिएको छ । सबै देवी देवतालाई समेटेर निर्माण गरिएको नवग्रह मन्दिर पालिकाको धार्मिक पर्यटकीय क्षेत्रको हवका रुपमा परिचित हुने विश्वास लिइएको छ ।

यसै विच संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्री बद्री पाण्डेले स्याङ्जाको पुतलीबजारमा आयोजना गरिएको सातौ स्याङ्जा महोत्सवको समेत उद्घाटन गरेका छन् । स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघले आयोजना गरेको सातौ महोत्सवको उद्घाटन गर्दै मन्त्री पाण्डेले यस्ता मेला महोत्सव आर्थिक चलायमानका सुचक रहेको बताएका थिए । महोत्सव फागुन ६ गतेदेखी फागुन १८ गतेसम्म चल्ने छ ।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# घरबासले जोगाउँदै मगर संस्कृति

**मधु शाही**
लमजुङ, ६ फागुन/रासस



हरियो सालको पातको टपरी । त्यसमा बाफ उड्दै गरेको तातो सेल रोटी । अचार, आलु अनि गेडागुडी । हेर्दै खाउँखाउँ लाग्ने । मुखले चाख्नुअघि आँखैले लोभ्याउने (होमस्टे) घरबासको परिकार । लमजुङको बेँसीसहर नगरपालिका-२ नरुवाल मगर घरबासकी सावित्री आलेमगरका आँगनमा आउने जो कोही पाहुनाले यसरी नै मौलिक स्वाद चाख्न पाउँछन् ।

"पहुँनालाई मीठो गरी सत्कारले खुवाउनुपर्छ", उहाँले अनुभव सुनाउँदै भन्नुभयो, "बोली वचन मीठो भए, खाना झनै स्वादिलो हुन्छ ।" सावित्रीले घरबासमा व्यापार मात्रै गर्नुहुन्न । त्यससँगै आफ्नो समुदायको कला, संस्कृति र संस्कारको समेत प्रत्यक्ष/अप्रत्यक्ष रूपमा पहिचान झल्काउनुहुन्छ ।

*"सेल रोटी पेटभरि*
*खाउँ है !*
*रैथाने चामलले बनाएको ।*
*केही हानि गर्दैन ।"*

सावित्रीले हरेक परिकारको फाइदा र स्वादका बारेमा प्रष्ट पार्नुहुन्छ । नरुवाल मगर घरबासमा केही साताअघिमात्रै सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ पुग्नुभएको थियो । पुग्नुको प्रसङ्ग बेग्लै थियो । तर, त्यहाँ मन्त्री गुरुङलाई गरिएको सत्कार र आत्मीयता अन्य अतिथिलाई जस्तै समान थियो ।

उही सालको पातका टपरीमा सेल, अचारलगायत परिकार खुवाएर मन्त्रीलाई स्वागत गरिएको थियो । सावित्रीले भन्नुभयो, "घरबास जति मौलिक हुनसक्यो उति राम्रो हो ।" सञ्चारमन्त्री गुरुङ गण्डकी प्रदेशको मुख्यमन्त्री हुँदा उद्घाटन गरिएको नरुवाल मगर घरबास लमजुङ जिल्लाकै मगर समुदायले सञ्चालन गरेको पहिलो घरबास हो । लमजुङ बहुजाति, भाषाभाषी, संस्कृति र संस्कारले भरिएको जिल्ला हो । यहाँका थुप्रै समुदायले आआफ्नो कला र सभ्यता प्रदर्शन गरे पनि पर्यटन प्रवर्द्धनको मूल आधार बन्नसक्ने भन्दै मन्त्री गुरुङले मुख्यमन्त्री हुँदा घरबास सञ्चालन र प्रवर्द्धनमा जोड दिनुभएको थियो । मन्त्री गुरुङका अनुसार गण्डकी प्रदेशमा तीन सय १० र लमजुङ जिल्लाभर १२ वटा घरबास सञ्चालनमा छन् ।

"लमजुङ घरबासले धानेको जिल्ला हो । यहाँका अधिकांशले कृषिसँगै घरबास सञ्चालन गर्दछन्", मन्त्री गुरुङले भन्नुभयो, "घरबासले एकातिर स्थानीय व्यवसायमा टेवा पुर्‍याउँछ भने अर्कोतिर यहाँको कला, संस्कृति र सभ्यताको संरक्षण गर्छ ।"

मगरद्वारा सञ्चालित जिल्लाकै पहिलो घरबासका अध्यक्ष हेमबहादुर आलेले यो व्यासायले स्थानीयको आर्थिकस्तर सुधार गर्नुका साथै रोजगारीको अवसर पनि सिर्जना गरो बताउनुभयो । सुरुमा १० घरले घरबास सञ्चालन गरेका भन्दै अहिले आयआर्जनको सम्भावना देखेर थप दुई घरमा पनि होमस्टे सञ्चालन भइरहेको उहाँले जानकारी दिनुभयो ।

आफ्नै गाउँघरमा बसेर खेतीपाती गर्दै दुई चार पैसा आम्दानी गर्न सकिने हुँदा घरबास व्यवसाय लाभदायिक रहेको हेमबहादुरले अनुभव सुनाउनुभयो । मगर घरबासमा पर्यटक आउनुको अर्को कारण यहाँबाट देखिने हिमशृङ्खलाका दृश्यहरू हुन् । पछिल्लो समय हिमालको हिउँ घट्दै गएको र कालापत्थर देखिँदैन थालेको पर्यटन आकर्षण घट्ने हो कि भन्ने चिन्ताले सताउन थालेको घरबास सञ्चालक बताउँछन् । घरबासका अध्यक्ष हेमबहादुरले भन्नुभयो, "यो वर्ष हिउँ हराउँदै गएर टुप्पामा मात्रै थोरै देखिन थालेको छ ।" बाल्यकालमा माथिसम्म हिउँ देखिने गरेको सम्झदै उहाँले अब ती सबै दृश्य लोप हुने चिन्ता मनमा गढेको बताउनुभयो । हेमबहादुरका अनुसार नरुवाल घरबासबाट अन्नपूर्ण, लमजुङ हिमाल, मनास्लु, गणेशलगायत पाँच वटा हिमालका दृश्य नियाल्न सकिन्छ । "अहिले जलवायु परिवर्तनको असरले बाक्लो हिमाल पग्लिँदै कालापत्थरमा परिवर्तन हुन थालेको छ । यसले गर्दा घरबास सञ्चालकमा त्यसको प्रत्यक्ष असरमा भोग्नुपर्ने चुनौती थपिएको छ", उहाँले भन्नुभयो । नरुवाल मगर घरबास यहाँका स्थानीय महिलाले धानेका छन् । घरबास सञ्चालक फूलमाया राना, सुनिता राना, सविना राना, पार्वती राना, मिना राना, दिलमाया राना, राममाया आले, सङ्गीता आलेलगायत महिलाले संस्कृति संरक्षणसँगै पर्यटन प्रवर्द्धनमा योगदान पुर्‍याउँदै आएका छन् । फूलमाया उमेरले पाकी हुनुहुन्छ । उहाँले घरबासमा पाहुनाको सत्कार गर्दा परम्परागत संस्कार र संस्कृतिमा जोड दिन रुचाउनुहुन्छ । बारीमा फल्ने कोदो, मकै, चामल, यिनै परिकारले बनेका मगरका परम्परागत खानपान पस्किन उहाँ निकै सिपालु हुनुहुन्छ । मिना रानाको घरबासमा आउने पाहुना प्रायः लोकल कुखुरा र ढिँडो खाने हुन्छ । बेँसीसहर नगरपालिका-२ का वडाध्यक्ष मदनबहादुर रानाका अनुसार वडामा मगर समुदायको अर्गानिक खानपान र कलासंस्कृति मुख्य आकर्षण हो । "लमजुङमा केही पर्यटकीय स्थान छन् । यहाँ ऐतिहासिक पाथीभरा मन्दिर छ । ढुङ्गैढुङ्गाको परम्परागत ढुङ्गे डाँडो छ । ऐतिहासिक ढुङ्गे धाराहरू छन् । एक किलोमिटरजति लामो चिप्लेटे ढुङ्गाले बनेको परम्परागत चिप्लेटे खोला पनि पर्यटकलाई हेर्न आकर्षित गर्छ", उहाँले भन्नुभयो । वडाध्यक्ष रानाका अनुसार लोप हुँदै गएको मगर समुदायको भेजा प्रथा यहाँ अझै पनि संरक्षित छ । साथै मगर समुदायको कौटा, झाम्रे नाच र वेषभूषा मुख्य आकर्षण रहेका उहाँले जानकारी दिनुभयो ।

# एमसिसीद्वारा नेपालमा सञ्चालित परियोजना स्थगित

**रासस**
काठमाडौं, ६ फागुन

अमेरिकी सहायता संस्था मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)द्वारा नेपालमा सञ्चालित मिलेनियम च्यालेन्ज एकाउन्ट (एमसीए) नेपालका कार्यक्रम स्थगन गर्ने जानकारी गराएको छ ।

अर्थ मन्त्रालयद्वारा मंगलबार जारी 'प्रेस रिलिज' तीन महिनाका लागि एमसीए नेपाल कार्यक्रम स्थगित भएको औपचारिक जानकारी दिइएको हो ।रिलिजमा भनिएको छ, "अमेरिकी सहायता संस्था एमसिसीले फागुन २ मा पठाएको इमेलमा नेपाल सरकार र उक्त निकायबीच २०७४ भदौ २९ मा सम्पन्न कम्प्याक्टअन्तर्गत कार्यान्वयन भइरहेका आयोजनासँग सम्बन्धित एमसीसी कोषबाट भुक्तानी हुने क्रियाकलापहरू अमेरिकी राष्ट्रपतिको २० जनवरी २०२५ मा जारी ९० दिनको स्थगनसम्बन्धी कार्यकारी आदेशानुसार रोकिएको व्यहोरा सरोकारवालालाई जानकारी गराइन्छ ।" यसअघि अमेरिकी सहयोग नियोग (युएसएड) का परियोजना ९० दिनका लागि स्थगित गर्न भन्दै अमेरिकी सरकारले पत्राचार गरेपछि ती कार्यक्रमको काम रोकिएको थियो । युएसएड अन्तर्गतका विभिन्न ६ परियोजना रद्द नै गर्ने निर्णय अमेरिकी सरकारले गरिसकेको छ ।

# वैदेशिक रोजगारमा ठगिएकाको उद्धारमा सक्रिय बन्दै आप्रवासी स्रोत केन्द्र

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ फागुन

आप्रवासी स्रोत केन्द्र बागलुङले वैदेशिक रोजगारमा गएर समस्यामा परेका सात जनाको उद्धार गरेको छ । चालु आर्थिक वर्षको सात महिनामा ११ को उद्धारका लागि उजुरी परेकामा हालसम्म सात जनाको उद्धार भएको हो ।

खासगरी साउदी, दुबई, कतार, कुवेतलगायत गाडी मुलकमा पुगेर समस्यामा परेकाहरूको उद्धार गरिएको आप्रवासी स्रोत केन्द्र बागलुङकी सूचना अधिकारी तथा परामर्शकर्ता गङ्गा शर्मा रिजालले जानकारी दिनुभयो । वैदेशिक रोजगारमा गएका कामदारले समयमा तलब नपाउने, बिदामा नेपाल फर्किन नपाउनेलगायत समस्यालाई विभिन्न निकायसँग सहकार्य गरी उद्धार गरिएको उहाँको भनाइ छ । रिजालका अनुसार ठगी, मृत्युलगायत ९० उजुरी परेकामा हालसम्म ४१ वटा समाधान भइसकेका छन् । ठगीको उजुरी ५४ जनाले दिएकामा हालसम्म १७ वटा समाधान भइसकेका उहाँले जानकारी दिनुभयो । वैदेशिक रोजगारका लागि प्रलोभनमा पारेर लाखौँ रकम ठगी गरेकामा हालसम्म स्रोत केन्द्रले रु ४३ लाख पाँच हजार पाँच सय ठगिएको रकम फिर्ता गरेको छ । "धेरैजसो ठगी मेनपावरलेभन्दा व्यक्तिले ठगेको पाइएको छ । साउन महिनायता मृत्यु उजुरी आठ वटा परेकामा आठवटै समाधान भएका छन्", परामर्शकर्ता रिजालले भन्नुभयो । सबैभन्दा बढी साउदी र कतारमा पुगेका कामदारको मृत्यु भएको उहाँले जानकारी दिनुभयो । आफूहरुले जिल्ला प्रशासन कार्यालय, सम्बन्धित पालिका, सम्बन्धित देशको राजदूतावास, वैदेशिक रोजगार बोर्ड र कन्सुल सेवा विभाग काठमाडौँसँग सहकार्य गरेर वैदेशिक रोजगारमा गएका नागरिकहरूको समस्या समाधान गरिरहेको परामर्शकर्ता रिजालले बताउनुभयो । उहाँका अनुसार विदेशमा सम्पर्कविहीन भएका पाँच वटा उजुरी परेकामा हालसम्म एक जनालाई परिवारको सम्पर्कमा ल्याएको छ । रिजालले मेसियामा सम्पर्कविहीन भएका जैमिनीका एकजनालाई परिवारको सम्पर्कमा ल्याइएको बताउँदै स्रोत केन्द्रले ठगिएकोसहित मृत्यु भएका र कम्पनीमा तलब पाउन बाँकी रहेको रु ९७ लाख आठ हजार आठ सय ३१ फिर्ता गरेको उल्लेख गर्नुभयो । प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद सुवेदीले गैरकानुनी रूपमा विदेश जानेहरू बढी समस्यामा परेका बताउनुभयो । जिल्ला प्रशासन कार्यालयले राहदानी लिन आउने हरेक नागरिकलाई रोजगारी तथा अध्ययनका लागि विदेश जाँदा बढी सचेत हुन आग्रह गर्दै आएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "विदेशमा गएर मृत्यु हुने र समस्यामा पर्ने बढीजसो न्यूनवर्ग र कम शिक्षित व्यक्तिहरू हुनुहुन्छ, विदेशमा कतिले आत्महत्या गरेको र कतिको काम गर्दा गर्दै मृत्यु भएको पाइन्छ, धेरै कुरा सचेतनासँग जोडिएको हुँदा विदेश पलायन हुँदा कानुनी कुरा बुझ्न र कहाँ जाँदैछु, के काम गर्ने हो ?, कस्तो कम्पनीमा जाँदैछु भनि प्रष्ट भएर गइयो भने धेरै समस्या समाधान हुने देखिन्छ ।"

# शताब्दी पुरानो मन्दिर चिनाउन साँखेमा धार्मिक महोत्सव

**पोखरापत्र संवाददाता**
तनहुँ, ६ फागुन

१२० बर्षभन्दा पुरानो मन्दिरको प्रचार प्रसार गर्न तनहुँको शुक्लागण्डकी नगरपालिका ११ मा 'महाशिवरात्री धार्मिक महोत्सव' आयोजना गरिने भएको छ । १९६० ताका साँखे देवलमा दुई खोलाको सँगम स्थलमा रहेको शंखाकार ढुँगाबाट दाहिने शंख बजेको सुनेर पुजा गर्दै आएको स्थानीयहरु अहिले उक्त स्थानलाई धामको रुपमा विकास गर्न महायज्ञ आयोजना तयारीमा जुटेका हुन् ।

शिवालय क्षेत्रको रुपमा परिचित यो मन्दिरमा बर्षेनी शिवरात्री पर्वमा तनहुँ र स्याङ्गजा सहित विभिन्न स्थानबाट भक्तजनहरु दुध चढाउन र रातभर जाग्राम बसेर ठाडो बत्ती बाल्न सहभागि हुने गर्दछन् । यो मन्दिरमा पुजा आराधना गर्नाले निसन्तान जोडीलाई सन्तान प्राप्ती हुने र मनोकाँक्षा पुरा हुने जनविस्वास रहेको छ । तनहुँको शुक्लागण्डकी नगरपालिका र स्याङ्गजा जिल्लाको हरिनास र विरुवा गाउँपालिकाको केन्द्रमा पर्ने मन्दिरमा आयोजना गरिने धार्मिक महोत्सवले यस क्षेत्रमा रहेको पुरातात्विक संरचनाहरु जन्ते ढुँगा क्षेत्र, सिता पाइला, जनकवि गोकुल जोशीको जन्मस्थान, रजस्थलकोट दरवार र मिलेनियम गुफा लगायतका स्थानको प्रवर्द्धन गर्न सहयोग पुग्ने शिवालय मन्दिर ब्यवस्थापन समितिका अध्यक्ष निलकण्ठ अर्यालले विश्वास ब्यक्त गर्नुभयो । आगामी विहीबारबाट सुरु हुने श्रीमद्भागवत महापुराण सप्ताहज्ञानमहायज्ञएवम्श्रृङ्गारिक महाआरती सहितको धार्मिक महोत्सवबाट संकलन भएको रकमले मन्दिरको भौतिक विकाससँगै, दैनिक पुजा पाठ सुरु गर्ने र राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा मन्दिरको बारेमा प्रचार गर्ने लक्ष्य रहेको महायज्ञ मुल समारोह समितिका संयोजक गंगाराम भट्टराईले बताउनुभयो । उहाँका अनुसार महायज्ञमा श्रीमद भागवत पाठपारायण, चण्डिपाठ, रुद्रीपाठ, सहश्र जलधारा, ग्रहशान्ति, चौरासी पुजा, पितृतर्पण,तुलादान अखण्ड दिपप्रज्वलन र ठाडो बत्ती वाल्ने लगायतका कार्यक्रम समेटिएको छ । १५ गतेसम्म सञ्चालन हुने धार्मिक महोत्सवमा सुप्रसिद्ध कथाबाचक पण्डित श्री कपिल भट्टबाट संगितमय प्रवचन सुन्न सकिनेछ ।


## धितोमा रहेको जग्गा डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको ७ दिने सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/११/०७)**

यस श्रीपति बचत तथा ऋण सहकारी संस्था लि.बाट तपसिलमा उल्लेखित ऋणीहरुले यसै संस्थाबाट व्यक्तिगत कर्जा लिनु भएका सदस्यले कर्जाको साँवा तथा व्याज समेत नतिरी नबुझाई लिखित बमोजिम कर्जा सम्बन्धी शर्त उल्लङ्घन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत तिर्नु पर्ने कर्जाको रकम चुक्ता गर्ने तर्फ कुनै चासो पहल नगर्नु भएकोले तपशिल बमोजिमको ऋणीलाई कर्जा चुक्ता गर्न आउनको लागि पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा २०८१/०४/३१ गते कर्जा चुक्ता गर्ने ३५ (पैतीस) दिने सूचना प्रकाशित गर्दा समेत ऋणीले कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो धितोमा रहेको जग्गा लिलामको लागि पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा २०८१/०८/१३ गते ३५ दिने तथा मिति २०८१/१०/२० गते १५ दिने र मिति २०८१/११/०७ गते ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित ७ दिनभित्र कर्जा चुक्ता नगरेमा संस्थालाई लेखिदिएको धितो चल अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रचलित सहकारी मापदण्ड तथा संस्थाको विनियम समेतले लिएको अधिकार प्रयोग गरी सूचना प्रकाशित भएको मितिले आठौं दिन धितो जग्गा लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैमा जानकारीका लागि यो जरुरी सूचना प्रकाशन गरिएको छ । तपसिलमा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरी लिएमा धितो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुर उपर नभई बाँकी रहेमा ऋणी लगायत कर्जाको व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पत्तिबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइएको छ ।

| क्र.सं. | ऋणीको नाम, थर र ठेगाना | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | ऋणीको नामः रामु बुढा<br>ठेगानाः पोखरा-२५<br>बाबुको नामः निम प्रसाद बुढा<br>बाजेको नामः थमलाल बुढा |  | जग्गाः साबिक ग्यारजाती-७, कास्की<br>हालः पोखरा -१८<br>कित्ता नं.: ८७९, ८८०<br>क्षेत्रफलः १५३, १५४.९९ व.मि. |
| २. | ऋणीको नामः मुक्ति ब. पाइजा<br>ठेगानाः बेनी न.पा-१<br>बाबुको नामः चन्द्र बहादुर पाइजा<br>बाजेको नामः रामभक्त पाइजा |  | जग्गाः साबिकढिकुरपोखरी-५,कास्की<br>कित्ता नं.: ७३३<br>क्षेत्रफलः ३०१०.६३ व.मि. |
| | ऋणीको नामः अनिता पाइजा<br>ठेगानाः पात्लेखेत-४, म्याग्दी<br>पतिको नामः मुक्ति बहादुर पाइजा<br>ससुराको नामः चन्द्र बहादुर पाइजा |  | |
| | ऋणीको नामः सुनिता श्रेष्ठ<br>ठेगानाः नाग्लीवाङ-३, पर्वत<br>पतिको नामः दल बहादुर श्रेष्ठ<br>बाबुको नामः जीवन कुमार श्रेष्ठ |  | |

**धितो लिलाम सम्बन्धी शर्तहरु :**

१. संस्थाको तर्फबाट धितो लिलाम बिक्रीको सूचना प्रकाशन भएको मितिले ७ औं दिन भित्र ऋणी वा जमानीबाट सम्पूर्ण कर्जा चुक्ता हुन नसकेमा ८औँ दिनको १:०० बजेदेखि यस संस्थाको कार्यालय पोखरा-९, कास्कीमा लिलाम डाँक बढाबढ सम्बन्धी कार्यक्रम हुनेछ । उक्त दिन बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ ।
२. धितो लिलाम डाँक बढाबढमा कम्तीमा ३ (तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनुपर्नेछ ।
३. धितो डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तीमा १० (दश) प्रतिशतले हुने नगद रकम धरौटी बापत त्यसै दिन संस्थामा जम्मा गर्नुपर्नेछ ।
४. लिलाम सकार गर्न व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिनभित्र बाँकी रकम बुझाउनुपर्नेछ । बुझाउनुपर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको धरौटी रकम स्वतः जफत हुनेछ । लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन ।
५. डाँक बढाबढको सुरुवात अंक चल अचल सम्पत्तिको न्यूनतम तथा पंचकृत मूल्याङ्कनबाट सुरुवात गरिनेछ ।
६. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ऋणीले संस्थालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
७. लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजस्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजस्व कर, दस्तुर एवं अन्य भैपरी खर्च धितो जग्गा स्विकार गर्ने बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८. धितो सम्पत्ति लिलाम बढाबढमा कसैले नसकारेमा संस्था आफैले सकार गर्न सक्नेछ ।
९. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयंको ज्येथाले व्यहोर्नु पर्नेछ । डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार यसै संस्थामा सुरक्षित रहनेछ ।
१०. अन्य थप जानकारीका लागि संस्थाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**श्रीपति बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा-९, कास्की**